जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिएँ हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि




बर्ष १२ • अंक ३३६ • २०८२ असोज ८ गते बुधवार • 24 Sep. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# मिथिलाञ्चलको झिझिया, एक विशिष्ट प्रकृतिको नृत्य

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ७ असोज**

झिझिया एक विशिष्ट प्रकृतिको नृत्य हो। घटस्थापनादेखि विजया दशमीसम्म देवी स्तुतिको रूपमा यो नृत्य गरिन्छ। बोक्सीबाट आफ्ना सन्तान र समाजको सुरक्षाका लागि यो नृत्य गर्ने गरिएको जनविश्वास रहेको छ। यसको बनावट र स्वरुपभित्र जादु टुनामुना बोक्सी आदिको प्रभावलाई कम गर्न अनुष्ठान प्रारम्भ गरिएको मानिन्छ।

बलिरहेको दियो तथा असङ्ख्य प्वाल पारिएको घैंटो त्यसकै नमुना हो। टाउकामा राखेर नृत्य गर्ने महिलाद्वारा टाउकोको दायाँ बायाँ हल्लाइरहने प्रवृत्तिले यसमा निहित विशेष अर्थलाई सङ्केत गर्दछ। महिलाको टाउकोमा राखिएको घैंटोको प्वाल कुनै बोक्सीले गन्न सफल भयो भने नाच्ने महिला ठहरै हुने जनविश्वास रहेको छ। त्यसै कारण सो घैंटो टाउकोमा राखी जादु टुनामुनाबाट मुक्ति पाउनका लागि परम्परागत रूपमै नृत्य गरिने गरिन्छ। झिझिया नृत्यको आफ्नै सुर र ताल हुन्छ। त्यो विशेष सुर र तालमा तथा झिझियाको गीतमा झुमी टाउकामा घैंटो राख्ने महिला चारैतिर फन्को मार्दै नृत्य गर्दै जाँदा गरिन्छ। बोक्सीको अनैतिक शक्तिको प्रभाव सो गालीले कम हुने गरेको तथा सन्ततिको सुरक्षा हुने जनविश्वास रहेको सांस्कृतिकविद् डा रेवतीरमण लाल बताउँछन्। झिझिया लोकनृत्य धनुषा लगायत महोत्तरी, सिरहा, सर्लाही, बारा, पर्सा सहितका जिल्लामा गरिने गरिन्छ। त्यस्तै भारतीय मिथिला क्षेत्रमा पनि प्रस्तुत गरिन्छ। झिझिया कुनै जाति विशेषको नभई सम्पूर्ण मैथिली समाजको लोकनृत्य हो, जसमा बलिरहेको दियो भएको असङ्ख्य प्वाल पारिएको घैंटो टाउकोमा राखी नृत्य गर्ने गरिन्छ। झिझिया नृत्यको आफ्नै मौलिकता, पहिचान र इतिहास छ। घैंटोमाथि बल्दै गरेको आगोको डल्लो लिएर नृत्य गर्नु आफैँमा साहस र कलाको अलौकिक प्रदर्शन झिझिया नृत्य हो। समाज रूपान्तरणको सँगै लोकनृत्यहरू गायब हुन थालेका छन्। तैपनि गाउँघर तथा सहर बजारमा यसलाई जीवन्त राख्नका लागि भए पनि वर्षेनी झिझिया नृत्यको आयोजना गरिन्छ। गाउँघरमा यो नृत्यले निरन्तरता पाइरहँदा सहरबजार समेत अछुतो रहन सकेको छैन। जनकपुरधाममा अहिले प्रत्येक राति समूह समूहमा महिलाहरू झिझिया नृत्य गरिरहेको त्यसै देख्न सकिन्छ। दसैंको समयमा विभिन्न क्लबकै पहलमा झिझिया नृत्यको आयोजना गरिँदै आएको छ। समाजमा प्रचलित जनविश्वासअनुसार बोक्सी महिला जादु मन्त्र सिकेर, त्यसको सिद्धिका लागि गाउँका जन्मजात बालबालिकालाई टुनामुनाद्वारा मारेर श्मशानमा त्यही मरेको बच्चालाई जिउँदो पारी नाङ्गै नृत्य गर्ने गर्छन्। दसैंको समय बोक्सीको सिद्धी प्राप्त गर्नका लागि उचित समय भएको हुनाले बोक्सीका घटना बढी हुने गरेको मानिन्छ। घटनामा वृद्धि हुन थालेपछि महिलाले नै एउटा धार्मिक, सांस्कृतिक अनुष्ठानको सुरुवात गरी भगवती दुर्गाको स्तुति र गुण प्रहार गर्ने बोक्सीको प्रहार शक्तिलाई निस्तेज पार्न झिझिया लोक नृत्यको प्रारम्भ गरे, जो आजसम्म चलिरहेको छ। आफ्ना सखा सन्तान, परिवारको सुस्वास्थ्य र दीर्घजीवनको कामना यस नृत्यको मुख्य उद्देश्य रहेको छ।



# जनकपुरधाम उपमहानगरपालिमा उपमेयर किशोरी साह र कर्मचारीबिच विवाद

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ७ असोज**

जनकपुरधाम उपमहानगरपालिमा उपमेयर किशोरी साह र कर्मचारीबिचको विवादले कार्यालयको काम प्रभावित भएको छ। सोमबार भएको विवादपछि मंगलबार कर्मचारीहरूले उपमेयरमाथि सार्वजनिक अपराध मुद्दा दायर हुनुपर्ने अडान राखेका छन्। भण्डारण महाशाखा प्रमुख गणेश यादवका अनुसार प्रमुख प्रशासकीय अधिकृत (सीएओ) मित्रलाल ढकालमार्फत मुद्दा अगाडि बढाउने तयारी गरिएको हो। मंगलबार कार्यालय समयमा कर्मचारीहरूले 'कलम डाउन' समेत गरेको उनले बताए।

यादवका अनुसार सोमबार उपमहानगरपालिकाबाट कलश यात्रा निकालिएको थियो। त्यसपछि फर्केका कर्मचारीहरू आराम गरिरहेका बेला उपमेयर साह कार्यालय पुगेर आफूलाई सम्मान नगरेको र आदेश नमान्ने गरेको भन्दै गाली-गलौज गरेका थिए। कर्मचारीहरूले विरोध जनाउँदा उनी झन् उग्र हुँदै कुर्सी उठाएर कुटपिट गर्न तम्सिएको कर्मचारीको आरोप छ। यसअघि पनि यस्ता घटना पटक-पटक भए तापनि यसपटक सहनसक्ने सीमा नाघेकाले कानुनी बाटो रोज्न बाध्य भएको कर्मचारीहरूको भनाइ छ। यस्तै मेयर मनोज कुमार साहले समेत आफू उपमेयरको असभ्य व्यवहारबाट पीडित भएको दाबी गरेका छन्। उनले भने, 'उपमेयर साहले मलाई समेत पटक-पटक गाली गरेका छन्। अहिले स्थिति विकराल बनेको छ। म कर्मचारीको पक्षमा छु, किनभने उनीहरूमाथि बारम्बार अन्याय हुँदै आएको छ।' यता कर्मचारीहरुसंगको विवादको विषयमा उपमेयर किशोरी साहले विवादकै विषयमा वार्ता चलिरहेकोले अहिले यस विषयमा कुनै किसिमको प्रतिक्रिया नजनाउने रातोपाटीलाई बताए। उनले भने, 'कर्मचारीहरुसंगको विवादको विषयमा अहिले कार्यपालिकामा वार्ता बसेको छ, यस विषयमा प्रतिक्रिया दिँदा वार्ता भङ्ग हुने खतरा रहेकोले अहिले केही भन्न चाहन्नँ। बरु ममाथि लगाइएको आरोपको खण्डन समस्या समाधान भएपछि पक्कै गर्ने छु।'









## मुटुलाई माया गरौं ।

**मुटुलाई स्वस्थ राख्नः**

- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- पर्याप्त मात्रा सुतौं,
- सक्रिय जिवनशैली अवलम्वन गरौं,

***मुटुको नियमित परीक्षण गरौं ।***

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




## जेन-जी पुस्तामा वर्तमानको सक्रिय शक्ति

मानसिक स्वास्थ्यलाई पनि जेन-जी पुस्ताले विशेष महत्व दिएको देखिन्छ । तनाव, डिप्रेसन वा आत्महत्या दर जस्ता चुनौती बढिरहेको छ, तर यी युवा यसबारे खुलेर बोल्छ, सहयोग खोज्छ र समाधानको उपाय अपनाउन डराउँदैन । विद्यालय र विश्वविद्यालयका क्याम्पसहरूमा मानसिक स्वास्थ्य सम्बन्धी छलफल हुने, अनलाइन प्लेटफर्म मार्फत परामर्श उपलब्ध हुने र साथीभाइबीच यसबारे खुलेर कुरा हुने प्रवृत्ति विस्तारै बढ्दै रहेको देखिन्छ । युवाका अपेक्षा स्पष्ट रहेको छ । उनीहरूले गुणस्तरीय शिक्षा, नयाँ अवसरले भरिएको रोजगार वातावरण, पारदर्शी र जवाफदेही नेतृत्व, समानताको समाज र प्रविधिमैत्री नीति चाहेको देखिन्छ । मानसिक स्वास्थ्यलाई सामाजिक र नीतिगत प्राथमिकता दिनुपर्ने उनीहरूको आवाज बलियो रहेका छन ।

उनीहरू वातावरण संरक्षणलाई भविष्यको सुनिश्चितताको आधार ठान्छन् । यसैले उनीहरू प्लास्टिकको प्रयोग कम गर्ने, नवीकरणीय ऊर्जा अपनाउने वा वृक्षारोपण जस्ता अभियानमा सक्रिय देखिन्छ । अन्ततः भन्न सकिन्छ, नेपालमा जेन-जी पुस्ता केवल भविष्यको आशा मात्र होइन, वर्तमानको सक्रिय शक्ति पनि रहेको छ । उनीहरूले उठाएका आवाज, राखेका अपेक्षा र देखाएका क्षमता नेपालको नयाँ पहिचान निर्माणको आधार बन्न सक्छन । उनीहरूको सोचलाई मान्यता दिएर, अवसरहरू प्रदान गरेर र चुनौतीहरूको समाधानमा साथ दिएर नेपालले आफ्नो भविष्य उज्ज्वल बनाउन सक्छन । यही नै समयको माग हो र यहीबाट नेपालको नयाँ अध्याय सुरु हुनेछ ।

## “आफ्नो व्यवसाय औपचारिक बनाऔं” तालिममा ३८ जना महिलाको सहभागिता

जलेश्वरटुडे समाचारदाता
धनुषा, ७ असोज

जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष तथा तालिमका प्रमुख अतिथि सुरेन्द्र भण्डारीले महिलाको व्यवसाय औपचारिक बनाउने प्रयासलाई “समृद्ध अर्थतन्त्रको आधार” भन्दै व्यवसाय औपचारिक बनाउनु भनेको केवल कागजी प्रक्रिया मात्र होइन, भविष्य सुरक्षित गर्ने बाटो पनि हो,“ उनले बताए ।

नेपाल उद्योग वाणिज्य महासंघ-मधेशका कार्यकारी निर्देशक प्रदीप दत्तको अध्यक्षतामा सुरु भएको दुई दिने “आफ्नो व्यवसाय औपचारिक बनाऔं” तालिममा ३८ जना महिलाको सहभागिता रहेको छ । यूरोपियन युनियन र संयुक्त राष्ट्रसंघ नेपालको सहकार्यमा सुरु तालिममा व्यवसाय विज्ञ सन्जु साह र रामा



धार प्रसाद यादव प्रशिक्षकका रूपमा रहेका छन्।कार्यक्रम सञ्चालन डा.वासुदेव कर्णले गरेका थिए । ८ सहभागी महिलाको धारणा- एक सहभागी गीताले भनिन् : “व्यवसाय गर्दै आयौं तर औपचारिक प्रक्रियाबारे थाहा थिएन, अब ढुक्क भएर कानुनी ढाँचामा अघि बढ्न सक्छौं ।” ८ अपेक्षित प्रभाव- व्यवसाय औपचारिक बनाउँदा महिला उद्यमी लाई लगानी, बजार विस्तार, कानुनी सुरक्षा र दीर्घकालीन स्थायित्व जस्ता जानकारी विस्तृत रुपमा जानकारी दिइने आयोजकले बताएको छ ।

## कार्गो रेल्वे सेवासमेत सञ्चालन गर्ने तयारी

जलेश्वरटुडे समाचारदाता
धनुषा, ७ असोज



नेपाल रेल्वे कम्पनीले यात्रुवाहक रेल्वे मात्र नचलाई अब कार्गो रेल्वे सेवासमेत सञ्चालन गर्ने तयारी गरेको छ । व्यवसायिक तथा नाफामूलक बन्ने रणनीतिक योजनाअन्तर्गत कम्पनीले मालसमान ढुवानी सेवा सुरु गर्ने प्रक्रिया अघि बढाएको हो । हाल भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको ६५ किलोमिटर लामो ब्रोडगेज यात्रुवाहक रेल्वेमार्फत दुवै देशका नागरिक आवतजावत गर्दै आएका छन् । भारत सरकारको करिब १० अर्ब रुपैयाँ लागतमा बनेको उक्त रेल्वे सेवामा नेपालले दुईवटा इन्जिन र चार-चार वटा वोगी खरिद गरी सञ्चालनमा ल्याएको छ ।

यात्रु ओसारपसार मात्रबाट कम्पनीलाई नाफामा लैजान कठिन भएकाले कार्गो सेवाको विकल्प अघि सारिएको नेपाल रेल्वे कम्पनीका प्रबन्ध निर्देशक निरञ्जन झाले बताए । ‘पटक-पटक सरकारले ट्रेडरेल सञ्चालन गर्न पहल गरिरहेको छ । अब कार्गो रेल्वे सेवा निकट भविष्यमै सञ्चालन हुनेछ,’ उनले भने । कम्पनीले कार्गो सेवा सञ्चालनका लागि हाल सञ्चालनमा रहेका बोगीमा थप गर्ने वा नयाँ मालवाहक रेल नै थप्ने विषयमा भारतीय पक्षसँग छलफल गरिरहेको छ ।

यसका लागि महोत्तरीको रामनगर र बर्दिवाससम्म रेल्वे विस्तार गरी नयाँ स्टेशन निर्माण गर्ने काम भारतीय पक्षले अघि सारेको झल्काइएको छ । नेपालका व्यवसायी भने वर्षौंदेखि कार्गो रेल्वे सेवाको माग गर्दै आएका छन् ।






### तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथुन: पिछडेको साथी मिल्ने
कर्कट: विचार गरेर बोल्नुहोला
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक खर्चको संभावना
तुला: मनमा पछुतो आउने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अशुभ समाचार प्राप्त हुने
कुम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने

### मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# छयहत्तर जनाको हत्या संलग्नमा पूर्वराष्ट्रपति दोषी ठहर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ असोज**

फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टेमाथि मानवताविरुद्ध अपराधको आरोप लगाइएको छ। उनलाई राष्ट्रपति र मेयर रहँदा कम्तीमा ७६ जनाको हत्या संलग्नतामा दोषी ठहर गरिएको हो। अन्तर्राष्ट्रिय अपराध अदालत ( आइसीसी) का अभियोजनकर्ताले जुलाई ४ मा पेस गरेको १५ पृष्ठ लामो आरोपपत्र सोमबार सार्वजनिक गरिएको हो। यसमा डुटेर्टेले 'कथित लागूऔषध व्यापारी, प्रयोगकर्ता तथा



अन्य अपराधीविरुद्ध हत्या र हिंसात्मक कार्य गर्न निर्देशन र अधिकार दिएको' दाबी गरिएको छ । पहिलो अभियोगअनुसार उनले सन् २०१३-२०१६ बीच दाभाओ सहरको मेयर हुँदा १९ जनाको हत्या गराएका थिए।

# पहिलो सन्तानलाई जन्म दिँदै क्याट्रिना-विक्की

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ७ असोज**

बलिउड जोडी क्याट्रिना कैफ र विक्की कौशलले डिसेम्बर २०२१ मा विवाह गरे । यतिबेला उनीहरू पहिलो सन्तानको प्रतीक्षामा छन् । क्याट्रिनाले मंगलबार आफू गर्भवती भएको र पहिलो सन्तानको पर्खाइमा रहेको घोषणा गरेकी छन्। उनीहरूको यस्तो घोषणापछि प्रशंसक औधी खुसी देखिएका छन्।
क्याट्रिना र विक्की दुवैले 'बेबी बम्प'को फोटो इन्स्टाग्राममा सेयर गरेका छन् । विक्की क्याट्रिनाको 'बेबी बम्प'लाई



अँगालो हालेर बसेका देखिन्छन्। फोटो सेयर गर्दै क्याट्रिना लेख्छिन्, 'हामी आनन्द र कृतज्ञताले भरिएको हृदयका साथ हाम्रो जीवनको सबैभन्दा मायालु अध्याय सुरु गर्ने बाटोमा छौं। ओम।' बलिउड कलाकार जान्हवी कपूर, जोया अख्तर, भूमि पेडनेकर, ओरी, आयुष्मान खुराना, सिद्धान्त चतुर्वेदी र धेरै अन्य स्टारले पोस्टमा टिप्पणी गर्दै शुभकामना दिएका छन्।

## मटिहानी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धिरापुर,महोत्तरी
मधेस प्रदेश,नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना
(दोस्रो पटक प्रकाशित मिति : २०८२।०६।०८)

बैदेशिक रोजगारीलाई सुरक्षित,व्यवस्थित,उपलब्धिमूलक तथा मर्यादित बनाउने उद्देश्यले सूचना तथा परामर्श,सिप तालिम,न्यायमा पहुँच,वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि यस कार्यालयको मिति २०८२।०५।०३ गतेको निर्णयानुसार SaMi कार्यक्रम अन्तर्गत मटिहानी न.पा.को लागि मनोसामाजिक परामर्शकर्ता पद(सहायक पाँचौ तह सरह) र रिटर्नी स्वयं सेवक देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र दिनको २:०० बजे सम्म राजश्व तिरेको रसिद संलग्न गरी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद/तह | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| ०२/०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह सरह) | १(एक) | •मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ (नर्सिङ्ग) मनोविज्ञान/समाजशास्त्र सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्रेजुएट डिप्लोमा इन काउन्सेलिङ उतिर्ण गरेको ।<br>•मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र प्राप्त गरेको भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।<br>•कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव(Word,Excel,Power Point,Email/Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।<br>•SaMi कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा :– कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतिर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको । | १०००।–<br>(एक हजार मात्र) |
| ०३/०८२/०८३ | रिटर्नी स्वयं सेवक | २(दुई) | • न्यूनतम कक्षा ८ उतिर्ण गरी बैदेशिक रोजगारी(खाडी मुलुक र मेलसिया) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको ।<br>• सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइनेछ । | ५००।–<br>(पाँच सय मात्र) |

**शैक्षिक योग्यता र अनुभव :**

१. नेपाली नागरिकता
२. शैक्षिक योग्यताको प्रमाणपत्र र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो
३. उमेर :– १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको
४. छनौट किसिम :– प्रारम्भिक योग्यता क्रमको सूचि प्रकाशन,लिखित,प्रयोगात्मक र अन्तरवार्ता,रिटर्नी स्वयं सेवकको हकमा अन्तरवार्ता मात्र ।
५. पारिश्रमिक तथा सेवा सुविधा :– कार्यक्रमको नियमानुसार
६. दरखास्त दिनु पर्ने स्थान :– मटिहानी न.पा.को कार्यालय,धिरापुर,महोत्तरी ।
७. दरखास्त दिने अन्तिम मिति :– २०८२/०६/१४ गते सम्म, सार्वजनिक विदा परेमा भोलिपल्ट ।
८. आवेदन साथ संलग्न कागजातहरु आवेदक स्वयंले प्रमाणित गरेको हुनुपर्ने छ ।
९. तोकिएको दस्तुर माछापुच्छ्रे बैंक लि.मटिहानी शाखामा यस मटिहानी न.पा.नगर कार्यपालिकाको कार्यालयको रहेको आन्तरिक राजश्व खाता नं.– ग–१–१ ०६०००६०८६९३००१२१ शिर्षक नं.– १४२२४ मा जम्मा गरी सोको सक्कल भौचर दरखास्त साथ संलग्न राखि स्वयं उपस्थित भई आवेदन दिनुपर्ने ।
१०.आवश्यक कागजातहरु :–

**मनोसामाजिक परामर्शकर्ता पदका लागि :–**
निवेदन पत्र,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाणपत्रको प्रतिलिपि,व्यक्तिगत विवरण(Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको तीन प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस नगरपालिकामा पेश गर्नुपर्ने छ ।

**रिटर्नी स्वयंसेवकको हकमा :–**
स्पष्ट पद सहित निवेदन पत्र,राहदानीको प्रतिलिपि(बैदेशिक रोजगारमा जाँदा इमिग्रेशनले राहदानीमा लगाएको प्रस्थान(Departure) र आगमन(Arrival) को छाप लागेको पेजको प्रतिलिपि,श्रम स्वीकृतिको प्रतिलिपि,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,अनुभवको प्रमाणपत्रको प्रतिलिपि,व्यक्तिगत विवरण(Bio-data) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साइजको तीन प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस नगरपालिकामा पेश गर्नुपर्ने छ । तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छ ।

११. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कार्यवाही नभएको ।
१२. उल्लेखित सूचना अनुसार दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार पदपूर्ति समितिमा रहने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# श्रम आप्रवासनले खोजेको रूपान्तरण

-जेन-जीको नेतृत्वमा भएको भ्रष्टाचारविरोधी र सुशासन सुनिश्चित पक्षधर आन्दोलनले नेपाली राजनीतिमा एउटा नयाँ कोर्सको प्रारम्भ गर्ने अपेक्षा गर्न सकिन्छ । आजसम्मको स्थितिले त्यसको संकेत गर्छ । अर्कोतर्फबाट विश्लेषण गर्दा, आन्दोलनको मर्ममाथि त होइन, तर २४ भदौको घटनाक्रमले आन्दोलनको संयोजनका सन्दर्भ र व्यवस्थापनको दृष्टिले केही चिन्ताका कुइनेटाहरू पनि क्रमशः सतहमा देखिँदै छन् ।

यद्यपि समयक्रमसँगै तिनमा थप प्रस्ट हुने नै छ । आन्दोलनको आँधीले तय गरेको नयाँ कोर्सप्रति खासगरी भ्रष्टाचारको सम्बोधन र सुशासनको प्रत्याभूतिका लागि आम जनताको अपेक्षा ह्वात्तै बढेको छ । साढे तीन दशकदेखि सत्ताको टेकोमा राज्यलाई दोहन गर्नेहरू आन्दोलनलाई स्विकार्न अझै पनि सहज मानिरहेका देखिन्नन्, मुख्यतः एमालेका पहिलो तहका भनेर चिनिएको नेतृत्व । क्रमशः यो स्वीकार्यता सतहमा आउला, समयको कुरा मात्र होइन, युगको माग पनि हो । आन्दोलनको उचित अवतरण हुन फागुनको निर्वाचन पर्खनु त पर्ला नै । सोमबारसम्म पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित नयाँ सरकारमा अरू सात जना मन्त्री नियुक्त भइसकेका छन् । तिनले काम पनि सुरु गरिसकेका छन् । जुन सकारात्मक संकेत हो । प्रारम्भिक चरणमा सरकारप्रति आम जनताको सहयोगमा त्यति धेरै प्रश्न देखिँदैनन्, तर दल र कर्मचारी प्रशासनको चाहिँदो सहयोगका बारेमा अहिले बोलिहाल्ने बेला भएको छैन । किनकि राज्यका निकायहरू यति दलीयकरण भएका छन् कि गत सातासम्मको स्थिति भनेको कुनै सेवा प्रदायक निकायमा जाँदा निश्चित दलको कार्यालयमा गएको जस्तो लाग्थ्यो ।

आन्दोलनको नेतृत्व गर्ने र अन्य सान्दर्भिक सरोकारवालासँग परामर्श चलिरहेकाले कार्की मन्त्रिमण्डलले पूर्णता पाउने र आन्दोलनको मर्म, संविधानको सीमा र समयको आवश्यकताअनुसार सरकारको कामले गति लिने कुरामा सकारात्मक हुनुको विकल्प छैन । यद्यपि दर्जनौंको सहादत र बेहिसाब भौतिक क्षतिले निम्त्याएको चुनौती पनि कम छैनन् । त्यसैले वर्तमान प्रणालीका मियो, हाम्रा राजनीतिक दलहरू, कर्मचारी प्रशासन र आम जनताबाट कार्की सरकारसँग सहकार्य र सहयोग निःसर्त र अनिवार्य हो । यदि आफ्नै जीर्ण नेतृत्वको नालायकीले गर्दा परिवर्तनका संवाहक दलहरूप्रति आमनागरिकको विश्वासमा ह्रास आइरहेको यो चुनौतीपूर्ण बेलामा दलहरूका युवा तप्काले आफ्नो पार्टीको साख जोगाउने हो भने त्यसो गर्नुपर्छ । पछिल्लो पुस्ताको आक्रोश पार्टीप्रति नभई पार्टीका जीर्ण नेतृत्वको भ्रष्ट चरित्रप्रति हो भन्ने पार्टीहरूका युवा पुस्ताले नबुझेको पक्कै छैनन् । त्यसैले पनि हालसम्मको परिवर्तनको नेतृत्व गरेका दलहरूले आफूलाई समयसापेक्ष रूपान्तरण गरी युग अनुरूप समग्र नेपाली समाजको रूपान्तरणको प्रक्रियालाई दलले नै नेतृत्व दिनुको विकल्प छैन । तर दलका जीर्ण नेतृत्वले होइन, दलभित्रका वैचारिक प्रस्टता भएका र देवत्वकरणमा लिप्त नभएका युवा नेताहरूले नेतृत्व दिनुपर्छ । यो परिवेशमा सरकारले पनि ठूल्ठूला सपना नबाँडी आन्दोलनको मूल माग भ्रष्टाचारको सम्बोधन र सुशासनको प्रत्याभूतिको प्रयास भनेको छ, जुन आफैंमा चुनौतीपूर्ण हुँदाहुँदै पनि इच्छाशक्ति भएमा असम्भव भने छैन ।




यी यस्ता मागहरू हुन्, जसका लागि गुणात्मक फड्को मार्नुपर्ने र प्रक्रियागत रूपमा जानुपर्ने हुन्छ । अहिलेको सन्दर्भमा गुणात्मक फड्को भनेको राजनीति र कर्मचारीतन्त्रको सहकार्य र पार्टीहरूका मूल नेतृत्वको संरक्षणमा राज्यका हरेक निकायमा संस्कृतिको रूपमा गढेको भ्रष्टाचारको जरो उखल्ने हो । हामीले के पनि बुझ्नु जरुरी छ भने भ्रष्टाचारको जरो आगामी ६ महिनामा सम्पूर्णमा उखेलिने कुरा पनि होइन, तर एउटा सार्थक प्रक्रिया सुरुआत गर्न भने सकिएला, जुन प्रक्रियालाई निर्वाचनपछि आउने निर्वाचित सरकारले निरन्तरता दिनुपर्ने हुन्छ । यस अर्थमा यो सरकारको सबैभन्दा महत्त्वपूर्ण काम भनेको निर्वाचन गराई जनप्रतिनिधिलाई सत्ता सुम्पनु र संविधान संशोधन गरी युग र समाजसापेक्ष बनाउन बाटो खोलिदिनु हो । जुन विषय प्रधानमन्त्री कार्कीले नै पनि बारम्बार व्यक्त गरिरहेकी छन् । यसरी बुझ्दा यो आन्दोलनले सही अर्थमा राज्य संयन्त्रलाई युगअनुकूल आमूल रूपान्तरण गर्ने अवसर पनि प्रदान गरेको छ । त्यस्तो रूपान्तरण, जसले वर्गीय, लैंगिक, जात व्यवस्था, भौगोलिक र अन्य सामाजिक-सांस्कृतिक पहिचानका आधारमा गरिँदै आएको विभेदलाई सम्बोधन गर्न सकोस् । श्रम आप्रवासन युवा पुस्ताको मुद्दा हो- भ्रष्टाचार, नीतिगत र राजनीतिक बेथिति र बेरोजगारी एकअर्कासँग अन्तरसम्बन्धित मुद्दा हुन्, जसले समाजलाई नराम्ररी पिरोलेको कुरा विवादको विषय रहेन । यदि यसो हो भने हामीले के बुझ्नु पनि जरुरी छ भने भदौको अन्तिम साता छेडिएको आन्दोलन युवा पुस्ताको नेतृत्वमा भएको हो भन्ने कुरा जति स्थापित भएको छ, त्यति नै स्थापित तथ्य हो वैदेशिक रोजगारीमा मुलुक छोड्न बाध्य युवाको उमेर । सरकारी र अन्य क्षेत्रबाट भएको अनुसन्धानले पुष्टि गरेको छ, नेपालबाट वैदेशिक रोजगारीमा जाने अधिकांश युवाको सरदर उमेर १९/२०-३५ वर्षको छ । यो सबै लैंगिक पहिचान भएका युवाको उमेर हो ।

साभार : कान्तिपुर ।
















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday